गोरखापत्र

# काठमाडौँमा लोडसेडिङको समाप्ति

***प्रदीप नेपाल***

आजभोलिका सबै प्रधानमन्त्री र पानी ऊर्जा मन्त्रालयका मन्त्रीहरू (भन्न त यसलाई ऊर्जा मन्त्रालय भनिन्छ, तर वैकल्पिक ऊर्जा अलग्गै मन्त्रालय भएको हुनाले म यसलाई पानी ऊर्जा मन्त्रालय भन्न रुचाउँछु) दश हजार मेघावाट जल विद्युत् उत्पादनको भाषण गर्छन् । भाषण गरिरहँदा मात्र होइन, भाषण सकेर सुस्ताउँदा पनि दश हजार मेघावाट पानी बिजुली उत्पादन गर्नु नेपाल भारतबीच विद्युत् सम्झौता गर्नु जस्तो सहज काम होइन भन्ने ज्ञान तिनीहरूमा जाग्दैन । मन्त्री त लौ मन्त्री भए, तिनलाई पानी बिजुलीको जटिलता थाहा नहुन पनि सक्छ तर लामो प्रशासनिक अनुभव मन्त्रालयको जानकारी पाएका सचिवहरू पनि यस्ता उट्पटरयाङ भाषण कसरी सुनेर बस्न सक्छन् ? यो मेरा लागि आश्चर्यको विषय हो । कम्तीमा पनि तिनीहरूले भन्न सक्नुपर्ने हो– हजुर, वर्तमान नेपालमा दश हजार विद्युत् उत्पादन निकाल्न सकिँदैन । कथम्कदाचित निकालिहाले पनि बाल्न सकिँदैन । पानीबाट दश हजार मेघावाट बिजुली निकाल्नु भनेको एउटा तपस्या हो– जो कर्मशील नागरिकले मात्र पूरा गर्नसक्छ । काठमाडौँमा बस्ने, एउटा स्वीच थिचेर कोठा झलमल्ल पार्ने नागरिकलाई त पानीबाट बिजुली कसरी निस्कन्छ भन्ने कल्पना पनि हुँदैन । आजकालका मन्त्री या प्रधानमन्त्रीको काम बनिबनाउ विद्युत् गृहको अवलोकन गर्ने, अलिक रहर गर्नेले घिर्नीसम्म पुगेर पानी बिजुलीको उत्पादन यसरी हुँदो रहेछ भनेर जान्नेसम्मको काम भएको छ । म आफैँ पनि धेरै जान्दछु भनेर दाबी गर्दिनँ तर पर्वतको मोदी विद्युत् उत्पादनको सिलसिलामा सुरुङमा लततत बगेको माटो हेर्न पुगेको छु । पुवा खोलाको तयारी सुरुङबाट वारपार गरेको छु । दुई वटा सुरुङ यात्राले त्यहाँ काम गर्ने इन्जिनियरदेखि कामदारसम्मको मानव संशाधनले कस्तो खतरा बेहोरेर काम गर्नुपर्दो रहेछ भन्ने ज्ञान सँगालेको छु । संसारका १० खतरनाक मध्येको एउटा पहरे सडकबाट माथिल्लो तामाकोशीको गोङ्गरसम्म जीपमा गुडेको छु । गोङ्गरमा एक जना भाइले भनेका थिए– सर, यो बाटो त हाम्रा लागि केही पनि होइन, पहराको ढुङ्गा समातेर हामीले यहाँ काम थालेका हौँ ।

अर्थात खोलामा पुगेर पूm मन्तर गरेर बिजुली निकाल्न सकिँदैन भन्ने सत्य सबैमा पुगोस् ।

एक वर्ष अघि म सानिमा माईको बाँधस्थल र विद्युत् उत्पादन गर्ने पावर हाउससम्मको यात्रामा पुगेको थिएँ । प्रोजेक्ट निर्माण अवधिभर रनघन रहने त्यस्तो बाँधस्थल निर्माण सकिएपछि उजाड बाँधमा फेरिन्छ । कसरी बस्दा हुन् त्यस्तो एक्लो अनकण्टार स्थानमा थोरै कर्मचारीहरू भन्ने झस्स लागेको थियो मलाई ! तै त्यहाँ त पातलो भए पनि मानव बस्ती थियो ।

यसपालि गएको थिएँ म हेंवाखोला हाइड्रोपावर निर्माणस्थलमा । बाँधको काम सकिन लागेको रहेछ । निर्माणकालमा चार पाँच सय मानिसहरूको उपस्थिति हुने त्यो ठाउँ म पुग्दा नै जनसङ्ख्या घटेर सुँकसुँकाउन थालिसकेको थियो र पनि थिए पचास जना जति । बाँधस्थलको काम सकिएपछि त्यो सङ्ख्या पाँच जना जतिमा झर्छ । साँघुरो खोलो, दुवैतिर अनकण्टार पहरो । जति माथि हे¥यो उति मन तर्सिने । तीन चार किलोमिटर आसपासमा मानव बस्ती छैन । सङ्ख्या घटेर आधा दर्जन भएको समयमा कसरी बस्दा हुन् बाँदर लड्ने त्यो भीरको पुछारमा हाइड्रोपावरका कर्मचारी !

काठमाडौँमा खिचिक्क बटन थिचेर बल्ने बत्तिसँग जोडिएका छन् असङ्ख्य दुःख, कष्ट र पीडाहरू ! तर सुन्ने कोही छैन । बुझ्ने त झन कोही छँदै छैन ।

पहिले जलस्रोत मन्त्रालय हुँदा त्यो विद्युत् उत्पादनको साथी थियो तर जब त्यो साँघुरिएर ऊर्जा मन्त्रालय भयो त्यसको चेत पनि साँघुरो भयो । मन्त्रीहरू पहिले गफाडी भए । पछि मेघावाटको हिसाब किताब गर्न थाले । आखिर मन्त्रालयका लागि मन्त्री भएका थिएनन् तिनीहरू । मन्त्रीका लागि मन्त्रालयलाई अङ्गभङ्ग गरिएको थियो । ऊर्जा मन्त्रीले खाने ठाउँ विद्युत् प्राधिकरण र विद्युत् उत्पादक मात्र हुन थालेपछि विद्युत् उत्पादनमा सुस्ती आउन थाल्यो । उत्पादकले सुरुमै लाखौँ रुपियाँ बालुवामा फाल्नु पर्ने भयो । कुतर्क निकाल्यो पानी ऊर्जा मन्त्रालयले– उत्पादकले झोलामा खोला हाले रे ! विदेशीसँग प्रति मेघावाट दश रुपियाँभन्दा बढीमा पानी बिजुली किन्ने ऊर्जा मन्त्रालयलले स्वदेशीलाई छ रुपियाँ पनि दिन चाहेन । विद्युत् खरिद सम्झौता हुन नसकेर अड्किएका छन् साना नेपाली विद्युत् उत्पादकहरू तर ऊर्जा मन्त्रालय धमाधम डलरमा ठालु र विदेशी कम्पनीसँग विद्युत् खरिद सम्झौता गरिरहेको छ । किन ? यो किनको उत्तर कसैसँग छैन ।

अर्को झनै फोहरी खेलमा लागेको छ ऊर्जा मन्त्रालय । विद्युत् उत्पादकलाई राष्ट्रिय प्रसारण लाईनको सम्पर्कमा पु¥याउने जिम्मा नेपाल विद्युत् प्राधिकरणको हो । निस्किएको बिजुली खेर गइरहेको छ, चासो छैन विद्युत् प्राधिकरणलाई । यो समस्या पनि मैले सानिमा माईमा देखेको थिएँ । केही ठाउँमा पोल गाड्न नसकेर र केही ठाउँमा प्रसारण लाइनको तार तान्न नसकेर विद्युत् प्राधिकरण रमिता हेरेर बसिरहेको थियो । समस्या समाधान गर्न हुटहुटी लाग्नु पर्ने हो ऊर्जा मन्त्रालयलाई । थपिने बिजुलीले एक घण्टा मात्रै भए पनि लोडशेडिङ घट्थ्यो होला तर प्राधिकरणले वास्तै नगरेको हुनाले, सानिमा माईका प्रबन्ध सञ्चालकसँग म आफैँ – लौ न छिटो प्रसारण लाइन जोडिदिनु प¥यो, भन्न दमकको विद्युत् स्टेशनसम्म पुगेको थिएँ । अनि यो प्रसारण लाइनको चिन्ता र हुटहुटी हेंवा विद्युत् उत्पादकका महाप्रबन्धकको मुखबाट पनि सुनेर आएँ मैले ।

सुन्दा सानोजस्तो लाग्ने यो जानकारी, नेपालमा, खासगरी साना नेपाली उत्पादकले खेप्नु परेको पीडा हो । राज्य सबैको शासक हो । झोलामा खोला बोक्ने अपराधीलाई सजायँ दिने काम राज्यको हो । झोलामा खोला बोक्नेसँग वार्षिक कमिशन खाएर झोलामै खोला बगाइरहने, अनि आफैँले संरक्षण गरेका झोलावादीहरूको अनुहार देखाएर काम गर्न चाहनेलाई हतोत्साहित गर्ने अनि विभिन्न बहाना देखाएर व्यक्ति वा संस्थालाई काम गर्न अप्ठ्यारो वातावरण बनाउने काम गर्ने अधिकार, ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग वा नेपाल विद्युत् प्राधिकरणलाई दिन सकिँदैन तर तिनले यसै गरिरहेका छन् । मैले केही यस्ता आयाजनाको जानकारी पाएको छु, जो दश वर्षदेखि उत्पादन अनुमति पत्र नवीकरण गरेर बसेका छन् ।

बिजुली चोर्ने त महाअपराधी हुने भइहाले । तिनीहरूको चोरी चुपो लागेर हेर्नेलाई पनि अपराधीको कोटाबाट बाहिर राख्न सकिँदैन तर राज्य यहाँ पनि चुकेको छ । एकातिर त्यो जानकारी प्रसारण गर्छ – फलानो जिल्लामा विद्युत् चोरी हुन्छ ! राज्यको काम अरू नागरिकलाई फलानो जिल्लामा चोरी हुन्छ, तिमीहरूले पनि चोरी गर्दा हुन्छ भनेर सिकाउने होइन । विद्युत् चोर्ने, चोराउने सबैलाई कानुनको दायरामा ल्याउने, अदालती कारबाहीमा लैजाने, विद्युत् चोरी पक्रिने कर्मचारीलाई अतिरिक्त सुविधा दिने, कमभन्दा कम चोरी हुने जिल्लालाई सम्मान गर्ने काम गरेर सजायँ र शिक्षालाई सँगसँगै लैजाने काम गर्ने जिम्मा भनेको राज्यको हो । अहं ऊर्जा मन्त्रालयले यस्तो जिम्मेवारीबोध गरेको कहिल्यै देखिएन, कहिल्यै भेटिएन । जलस्रोत मन्त्रालय हुँदा यो काम पनि भएको थियो । यस्तो भद्रगोल 'दश वर्षमा दश हजार मेघावाट विद्युत् उत्पादन' को भाषण गर्ने प्रधानमन्त्री र ऊर्जामन्त्रीको उपस्थितिपछि हुन थालेको हो । ऊर्जा मन्त्रालय भनेपछि त्यसमा पानीबाट उत्पादन हुने मात्र होइन, सौर्य ऊर्जा, वायु ऊर्जा, पृथ्वी ऊर्जा, प्राणी ऊर्जा, सबै समेटिनु पर्ने हो । पानी ऊर्जालाई ऊर्जाको पहिलो स्रोत मानिनु सही कुरा हो तर वैकल्पिक ऊर्जालाई ऊर्जा मन्त्रालयको मातहत नल्याउनु चाहिँ बुझिनसक्नुको कुरा हो ।

राज्य र जनताबीच सुमधुर सम्बन्ध बनाउने जिम्मा भनेको राज्यको हो । राज्यको प्रजातान्त्रिक परिभाषा पनि नेपालको सन्दर्भमा बुझी नसक्नुको छ । प्रजातन्त्रको मर्म भनेको जित्नेले शासन गर्ने, हार्नेले प्रतिपक्षमा बसेर सरकारको निगरानी गर्ने हो । प्रजातान्त्रिक प्रणालीमा हार्नु र जित्नुको बीचमा ठूलो भेद हुन्छ तर नेपालमा त्यो भेद मेटाइएको छ । हार्नेहरू ढुङ्गामुढा, मारकाट गरेर राज्यलाई आपूmसित वार्तामा बसाल्न बाध्य पार्ने काम गरिरहन्छन् अनि जित्नेहरू जिल्ल परेर टुलुटुलु रमिता हेर्न बाध्य छन् । अब सोच्ने बेला आएको छ, ढङ्गले राज्य सञ्चालन गर्न नसक्ने र मारकाटको आतङ्कलाई आन्दोलनको नाम दिनेहरूबाट नेपालले मुक्ति खोजिरहेछ । यदि राज्यले थिति बसाउन सक्दैन भने काठमाडौँ उपत्यकाको लोडसेडिङ आउने नौ वर्षसम्म पनि अन्त्य हुनेछैन ।

गोरखापत्र/कारोबार, २०७२/२/३

# अरुण काबेलीको सेयर निष्कासन

ताप्लेजुङ र पाँचथरको सीमा क्षेत्रमा निर्माणको चरणमा रहेको अरुण काबेली हाइड्रो पावर कम्पनीले ती दुबै जिल्लाका आयोजना प्रभावितका लागि १० प्रतिशत सेयर निष्कासन गरेको छ ।

यहाँका प्रभावित स्थानीयवासीका लागि रु १५ करोड बराबरको १५ लाख कित्ता सेयर निस्कासन गरिएको हो । जिल्लाका साब्लाखु, सिनाम, थुम्देन, चाक्सिबोटे तथा पाँचथरका नागी, थर्पु, अमरपुर गाविसमा कम्तीमा पाँच वर्षदेखि बसोबास गर्दैआएकाहरुले सेयरका लागि आवेदन दिन सक्नेछन् ।

प्रतिकित्ता रु १०० अङ्कित मूल्यको सेयरमा आजदेखि जेठ १७ गतेसम्म आवेदन दिन सकिने जलविद्युत् आयोजनाका डिल्ली सुवेदीले जानकारी दिए । न्यूनतम रु पाँच हजारदेखि रु १० लाखसम्म सेयरका लागि आवेदन दिन पाइने छ । यसपछि पुनः कम्पनीले अन्य सर्वसाधारणका लागि समेत २० प्रतिशतले हुन आउने ३० लाख कित्ता सेयर आह्वान गर्ने सुवेदीको भनाइ छ ।

कम्पनीको कुल रु एक अर्ब ५० करोड अधिकृत पुँजी रहेको र सो पुँजीलाई रु १०० का दरले एक करोड ५० लाख सेयरमा विभाजन गरिएको छ । पच्चिस मेगावाट क्षमताको काबेली बी परियोजना ताप्लेजुङ र पाँचथरको सीमा क्षेत्रमा आर्थिक वर्ष २०७०/७१ देखि निर्माणका क्रममा रहेको छ ।

कारोबार, २०७२/२/३

# तामाकोसीको काम सुरु हुन सकेन

***दिलबहादुर केसी***

दोलखाको लामाबगर गाविसमा स्वदेशी लगानीमा निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोशी आयोजनाको काम अझै सुरु हुन सकेको छैन। आयोजनाको काम स्थानीयको सेयर विवाद र सेयरमा मजदुरको मागले एक महिनासम्म ठप्प भएको थियो। पूर्वनिर्धारित कार्यक्रमअनुसार ३ महिनापछि आयोजनाबाट विद्युत् उत्पादन लक्ष्य राखे पनि भूकम्पले गर्दा कम्तीमा २ वर्ष पर पुगेको छ।

भूकम्पले आयोजनाको भौतिक संरचनामा ठूलो क्षति नभए पनि प्रवेश मार्ग बढी क्षति भएको छ। सडक खुलाउने प्रयास भूकम्प लगत्तै जारी रहे पनि अझै पूरा हुन सकेको छैन। आयोजनाको पहिलो चरणमा गोंगरदेखि हेडबक्स लामाबगरसम्मको प्रवेश मार्ग पुनः निर्माणको काम मंसिरदेखि जारी छ। छ्योतछ्योतदेखि सर्जसाफ्ट जाने ४ किलोमिटर सडक पनि हालसम्म निर्माण हुन सकेको छैन।

लामाबगरको काब्रेभीरमा सबैभन्दा बढी क्षति भएको ४०० मिटर सडकमा सुरुङ बन्ने भएको छ। आयोजनाको परामर्शदाता नरकन्सल्ट–ल्याहमेर र निर्माण कम्पनी सिनो हाइड्रोको संयुक्त टोलीले गरेका अध्ययनपछि सुरुङमार्ग नै उपयुक्त विकल्प भएको ठहर गरेको आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले जानकारी दिए। सडकका लागि ३६० मिटर सुरुङ निर्माण हुने उनले बताए। डिजाइनको अन्तिम टुंगो लागि सकेको छ। काब्रेभीरमा सडकको ट्र्याक नै नरहने गरी भीर खसेको छ। अधिकाँश ठाउँमा पहिरो खसेर ठूला ठूला ढुंगा थुप्रिएका छन्। "नयाँ ट्र्याक खोल्नुभन्दा सुरुङमार्ग नै सुरक्षित हुने परामर्शदाताहरूको निष्कर्ष छ" उनले भने, "३६० मिटर सुरुङमार्ग निर्माणका लागि साढे ११ करोड लाग्ने अनुमान छ।"

बोर्ड बैठकको निर्णय हुनासाथ सुरुङमार्ग निर्माण सुरु गर्ने तयारी छ। काम सुरु गरेको ३ देखि ४ महिनामा सुरुङमार्ग खुल्ने उनले बताए।

भूकम्पले पहिरो जाँदा सिंगटीदेखि लामाबगरसम्मको ३३ केभी प्रसारण लाइनको खम्बा र तारहरूको मर्मतको काम भइरहेको छ। तालिका अनुसार ०७३ साउनबाट विद्युत् उत्पादन गर्ने लक्ष्य थियो। आयोजनाको गोंगरदेखि किर्नेसम्मको २२० केभी प्रसारण लाइन निर्माण सुचारु छ। भूकम्पले क्षति पु-याएको सडकलगायतका पूर्वाधार निर्माणको काम तत्काल सुरु भए ०७४ अन्तिमसम्ममा आयोजना पूरा हुनेछ।

**उच्चस्तरीय टोलीद्वारा आयोजनास्थल निरीक्षण**

ऊर्जामन्त्री टोपबहादुर रायमाझीसहितको उच्चस्तरीय टोलीले माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको स्थलगत निरीक्षण गरेका छन्। मन्त्री रायमाझीसहित आयोजनास्थल पुगेको टोलीले लामाबगरस्थित हेडबक्स क्षेत्र, गोंगर विद्युत गृह, प्रवेशमार्गलगायतको निरीक्षण गरेका थिए।

भ्रमण टोलीमा व्यवस्थापिका संसद् विकास समितिका सभापति रवीन्द्र अधिकारी, कृषि तथा जलस्रोत समितिका सभापति गगन थापा, ऊर्जा सचिव सुमनप्रसाद शर्मा, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेलगायतले आयोजनाको अवलोकन गरेका थिए।

नेपाल समाचारपत्र, २०७२/२/३

# पञ्चेश्वर परियोजना सपनामै सीमित

*बिरा गडाल*

पञ्चेश्वर गाविस–४ का गोरख सार्की रोजगारीका लागि भारत जान थालेको दुई दशक बितिसक्यो। भारत गएर मजदुरी गरेर कमाएको पैसाले उनको घरको चुलो बलेको छ। नत्र भने भोकभोकै बस्नुपर्ने अवस्था आउँथ्यो। तर भारतमा भने जस्तो काम पाउन गाह्रो छ। काम खोज्दैमा महिनौं बित्छ, काम पाए पनि सोचे अनुरुप सहज छैन। घर आँगनमा पञ्चेश्वर परियोजना बन्छ गाँउमै रोजगारी पाइन्छ। भारत जाने दिन गए भनेर खुसी भएको पनि वर्षौं बित्यो। उनी परियोजना अघि बढ्दै छ भनेको सुन्दा धेरैपटक खुसी भए तर उनको सपना अझै पूरा भएको छैन।

'अब त परियोजना पक्कै बन्छ भन्दै सपना देख्न थालेको धेरै भयो,' ५० वर्षीय सार्की भन्छन्, 'परियोजनाको काम अघि बढे त यतै रोजगारी पाइन्थ्यो, चाँडो काम सुरु भए भारतमा भौंतारिनु पर्दैनथ्यो।' वर्षौंदेखि उनको सपना सपनामै सीमित छ।

उनलाई झैं महाकाली– ५ का दानबहादुर चन्दलाई पञ्चेश्वरबाट रोजगारी पाउने आशा छ। चाँडै परियोजनाको काम सुरु होला र रोजगारी पाइएला भन्ने आसमा उनी छन्। 'यहाँ कुनै रोजगारी छैन, परियोजना अघि बढे काम पाइन्थ्यो,' उनले भने 'अरु रोजगारी यहाँ सम्भव छैन।'

महाकाली तटीय क्षेत्रका बैतडी लगायत डडेल्धुरा, दार्चुला, कञ्चनपुरका बासिन्दा पञ्चेश्वर परियोजना काम चाँडै अघि बढ्नेमा आशावादी छन। दशकौंदेखि देख्दै आएको सपना पूरा हुनेमा दृढ छन्।

'अहिलेसम्म विकास निर्माणका कुनै काम अघि बढन सकेन,' महाकाली–२ बस्कुका रमेश चन्द भन्छन्, 'अब पञ्चेश्वरको कारण विकास तीव्र रुपमा होला कि भन्ने लागेको छ।'

बैतडीको दक्षिणी तल्ला स्वराडका बासिन्दा दशकौंदेखि सरकारबाट उपेक्षित भएको चन्दको ठहर छ। 'उनीहरु राज्यको व्यवहारबाट निराश छन्। जुनसुकै सरकार आए पनि राज्यले हामीलाई हेर्दैन,' चन्दले भने।

तल्लो स्वराड जोडने एक मात्रै सडक पाटन–पञ्चेश्वर तीन दशकदेखि बन्न सकेको छैन। २०३९ सालमा थालनी गरिएको उक्त सडकखण्ड अहिले पनि अधुरै छ। ३३ किलोमिटर शिवनाथको मर्छलेसम्म जीप सञ्चालनमा आए पनि बर्खासँगै कच्ची सडक अवरुद्ध हुदाँ बन्द हुने गरेको छ। तीन दशकभन्दा बढी समयसम्म पनि ६४ किलोमिटर दुरीमा रहेको पञ्चेश्वरसम्म सडक पुग्न सकेको छैन। शिवनाथको सुल्लेखानीसम्म मात्रै ट्र्याक खोलिएको छ। एक वर्षमा दुई किलोमिटर सडक निर्माण भएको भए अहिलेसम्म सडक पूरा भइसक्ने कुलाउका तारा चन्द बताउँछन्।

परियोजनाको काम अघि बढे स्थानीयलाई नै रोजगारीको लागि प्राथमिकता दिइनुपर्ने चन्दको धारणा छ। रोजगारीमा स्थानीयको हक सुनिश्चित हुनु जरुरी छ। पञ्चेश्वर वरपरको क्षेत्र अझै पनि विकासको मेरुदण्डमा जोडिन नसकेको चन्द बताउँछन्।

महाकालीमा पुल छैन। त्यसैले तटीय क्षेत्रका नदी तर्न जोखिम मोल्दै आएका छन। ट्युब र डं‌ुगामा महाकाली

तर्छन्। यस क्रममा धेरैले ज्यान गुमाउनुपरेको नागार्जुन उच्च माविका प्राचार्य महामलसिंह साउद बताउँछन्। 'दैनिक उपभोग्य सामग्रीको लागि भारतकै भर पर्नुपर्ने अवस्था छ,' प्राचार्य चन्दले भने।

'भारत नगई हुन्न नदी तर्न खोज्दा ज्यान गुमाउनुपर्ने हुन्छ,' महाकाली–५ बजगाडाकी देवकी चन्द भन्छिन्, 'भारतकै भरमा नुन–तेल चलेको छ, नेपालको भर परको भए जिविका चलाउन समस्या हुन्थ्यो।'

वर्षौंदेखि महाकालीमा पुलको लागि हारगुहार गर्दै आए पनि कहिल्यै सुनुवाइ नभएको दुखेसो उनले गरिन। भएन। भर्खरैमात्रै जिल्ला विकास समितिले पञ्चेश्वरमा झोलुंगे पुलको लागि बजेट माग गर्दै मन्त्रालयलाई पत्र पठाएको छ।

लामो समयसम्म परियोजनाको काम अघि बढ्न नसक्दा स्थानीयमा निराशा छाएको बैतडी उद्योग वाणिज्य संघका अध्यक्ष नरबहादुर चन्दले बताए। अझै बन्छ बन्दैन यहाँका स्थानीय विश्वस्त हुन सकेका छैनन्। लामो समयसम्म काम अघि नबढ्दा स्थानीय विश्वस्त हुन नसकेका हुन्।

२०५२ साल तत्कालीन प्रधानमनत्री शेरबहादुर देउवाको पालामा महाकाली सन्धि भएको थियो। उक्त सन्धिमा ५ हजार ६ सय मेगावाट क्षमताको पञ्चेश्वर जलविद्युत परियोजना बन्ने उल्लेख थियो।

महाकाली सन्धिको ६ महिनामा परियोजना सञ्चालन हुने भनिए तापनि तीन दशकभन्दा लामो समयसम्म पनि निर्माण कार्य अघि बढ्न सकेको छैन।

६ महिनाभित्र डिपिआर तयार गरी आठ वर्षभित्र निर्माण सम्पन्न गर्ने सहमति भएको थियो। २०६५ असोजमा नेपाल र भारत सचिवस्तरको तेस्रो बैठकले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विकास, कार्यान्वयन तथा सञ्चालनको लागि पञ्चेश्वर विकास प्राधिकरण गठन गर्ने निर्णय गरेको थियो त्यसको एक वर्षपछि बसेको दुवै देशका सचिवस्तरीय चौथो बैठकले पञ्चेश्वर विकास प्राधिकरणको कार्यसूची पारित गरी दुवै देशका सरकारबाट स्वीकृत गराउने सहमति भएको थियो।

२०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणमा परियोजना अघि बढाउने सहमति भएको थियो। दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा तत्कालीन ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्री र भारतका राजदूत रन्जित रेले हस्ताक्षर गरी अनुमोदन गरेका थिए।

सहमतिपछि काम अघि बढ्ला भन्ने आसमा बसेका स्थानीय अझै ढुक्क हुन सकेका छैनन्।

२०७१ असोजमा बसेको पञ्चेश्वर विकास प्राधिकरणको पहिलो बैठकले विधान पारित गरी त्यसको दुई महिनापछिको बैठकले नेपाल र भारतले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन एकीकृत गरी संयुक्त विस्तृत आयोजना प्रतिवेदन गर्ने जिम्मा भारतको वापकोस लिमिटेडलाई दिएको थियो।

यस आयोजनाले प्रभाव पार्ने नेपालतर्फको भूभागको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन स्वीकृतिको लागि जनसंख्या तथा वातावरण मन्त्रालयमा पुगेको छ।

एक सय ३८ किलोमिटर ब्रह्मदेव–पञ्चेश्वर पहँुच सडक सम्भाव्यता अध्ययन कार्य अन्तिम चरणमा पुगेका पञ्चेश्वर विकास प्राधिकरणले जनाएको छ।

उच्च बाँध बाँधेर निर्माण हुने जलाशाययुक्त आयोजनाले विस्थापित हुने स्थानीय बासिन्दाको जीवनस्तर उकास्न र पुनर्वास तथा पुनर्स्थापना गर्न अध्ययन कार्य जारी रहेको प्राधिकरणले जनाएको छ।

कुल ६ हजार ६ सय ९० मेगावाट विद्युत उत्पादन गर्ने र नेपालतर्फ कञ्चनपुर र भारतको केही भू–भागमा समेत सिँचाइ सुविधा उपलब्ध गराउने सो आयोजनाको लक्ष्य छ।

पञ्चेश्वर उच्च बाँध तथा रूपालीगाड रि–रेगुेटिङ बाँध आयोजनाको गरी जम्मा लगानी तीन खर्ब ३६ अर्ब रूपैयाँ (चारसय ७५ मिलियन अमेरिकी डलर) लाग्ने भएको छ।

सो आयोजनामा नेपालले करिब एक खर्ब २६ अर्बदेखि एक खर्ब ३० अर्ब रूपैयाँमात्र लगानी गर्नुपर्ने बताइन्छ। १० वर्ष निर्माण अवधि भएको खण्डमा नेपालले प्रतिवर्ष १३ अर्ब रूपैयाँमात्र लगानी गरे हुने देखिन्छ। आयोजना अगाडि बढेको खण्डमा सो परिमाणको रकम लगानी गर्न नेपालका लागि भने खासै गाह्रो पर्ने देखिँदैन।

आयोजनाबाट नेपालले वार्षिक ३४ अर्ब ५० करोड रूपैयाँ प्राप्त हुने र मत्स्यपालन, कार्बन व्यापार, सिँचाइ तथा पर्यापर्यटन, जडीबुटी, फलफूलमा उल्लेख्य आम्दानी गर्न सकिन्छ। सो आयोजनाको बाँधस्थल सन् १९५६ मा नै भारतीय पक्षले पहिचान गरेको थियो।

नागरीक, २०७२/२/३

# अरुण काबेलीको सेयर निष्कासन

ताप्लेजुङ र पाँचथरको सीमा क्षेत्रमा निर्माणको चरणमा रहेको अरुण काबेली हाइड्रो पावर कम्पनीले ती दुबै जिल्लाका आयोजना प्रभावितका लागि १० प्रतिशत सेयर निष्कासन गरेको छ ।
यहाँका प्रभावित स्थानीयवासीका लागि रु १५ करोड बराबरको १५ लाख कित्ता सेयर निस्कासन गरिएको हो । जिल्लाका साब्लाखु, सिनाम, थुम्देन, चाक्सिबोटे तथा पाँचथरका नागी, थर्पु, अमरपुर गाविसमा कम्तीमा पाँच वर्षदेखि बसोबास गर्दैआएकाहरुले सेयरका लागि आवेदन दिन सक्नेछन् ।

प्रतिकित्ता रु १०० अङ्कित मूल्यको सेयरमा आजदेखि जेठ १७ गतेसम्म आवेदन दिन सकिने जलविद्युत् आयोजनाका डिल्ली सुवेदीले जानकारी दिए। न्यूनतम रु पाँच हजारदेखि रु १० लाखसम्म सेयरका लागि आवेदन दिन पाइने छ । यसपछि पुनः कम्पनीले अन्य सर्वसाधारणका लागि समेत २० प्रतिशतले हुन आउने ३० लाख कित्ता सेयर आह्वान गर्ने सुवेदीको भनाइ छ ।

कम्पनीको कुल रु एक अर्ब ५० करोड अधिकृत पुँजी रहेको र सो पुँजीलाई रु १०० का दरले एक करोड ५० लाख सेयरमा विभाजन गरिएको छ । पच्चिस मेगावाट क्षमताको काबेली बी परियोजना ताप्लेजुङ र पाँचथरको सीमा क्षेत्रमा आर्थिक वर्ष २०७०÷७१ देखि निर्माणका क्रममा रहेको छ । रासस

नागरीक, २०७२/२/४

# बूढीगण्डकी आयोजना बनाउन आतुर छौं : स्थानीय

*नरहरि सापकोटा*

बूढीगण्डकी जलविद्युत आयोजना क्षेत्र गोरखा र धादिङका स्थानीयले सो आयोजना निर्माण गर्न आफूहरु आतुर रहेको बताएका छन्। सोमबार आरुघाटमा आयोजित कृषि तथा जलस्रोत समिति र प्रभावित क्षेत्रका स्थानीयबीचको अन्तर्क्रिया कार्यक्रममा स्थानीयले आयोजनाले अन्योलमा राखेको भन्दै तत्काल काम अघि बढाएमा स्थानीयले कुनै अवरोध नगर्ने प्रतिबद्धता जनाए।स्थानीय रजमदिन मियाँले बूढीगण्डकी आयोजना क्षेत्रका स्थानीय बास उठ्न तयार रहेको बताउँदै भने 'देशकै लागि मुहार बदलिन्छ भने हामी यो ठाउँ छाड्न तयार छौं, तर तत्काल बनाउनुपर्याे।' प्रभावित क्षेत्रका स्थानीयलाई जिविकोपार्जन के हुने? विस्थापित भएपछिको अवस्था कस्तो हुने भन्नेमा अन्योलमा नराखी काम अघि बढाउन स्थानीयले जलस्रोत समिति र धादिङ, गोरखाका संासदलाई अनुनय समेत गरे। समितिका सभापति गगन थापा सहित अन्य पदाधिकारी र दुई जिल्लाका सांसद गरी २५ जनाको उपस्थिति रहेको अन्तर्क्रिया कार्यक्रममा सरोकार समिति अध्यक्ष हरेराम ढकालले तत्काल आयोजना निर्माणमा सहयोग गर्न दुवै जिल्लाका २७ गाविसका स्थानीय तयार रहेको बताए। 'अब जसरी पनि आयोजना बनाउनुपर्छ, विकास निर्माणका काम रोक्नु हुँदैन,' उनले भने, 'जग्गा रोक्का गर्ने, अनि अब नबनाउनेतिर लाग्नुभयो भने हामी जे गर्न पनि तयार हुन्छौं।'

प्रभावित क्षेत्रका स्थानीयले संसदीय समितिलाई पुनःस्थापना तत्काल गर्न, मुआब्जा वितरणको मापदण्ड तयार गर्न, तत्काल वितरणको व्यवस्था गर्न, भूकम्पपीडितलाई दुई लाख अनुदान दिन, विस्थापितको हकमा नयाँ व्यवस्था गर्न, ऐलानी जग्गाको नापजाँच गर्न समेत माग गरेका छन्। पीडितले कृषि तथा जलस्रोत समितिका सभापति थापालाई मागपत्र बुझाउँदै आगामी वर्षभित्र मुआब्जाको व्यवस्था गर्न समितिले पहल गरिदिनुपर्ने मागसमेत राखे। आयोजनाको कामले गति लिन नसक्दा स्थानीय अन्योलमा रहनुपरेको गुनासो प्रभावितको छ। धादिङका संासद राजेन्द्र पाण्डेले आयोजना निर्माणसँगै स्थानीयको खुसीसमेत हेरिनुपर्ने धारणा राखे। संासद चिनकाजी श्रेष्ठले सरकारले जनतालाई विश्वासमा लिएर अघि बढ्दा आयोजना निर्माणको काम अघि बढ्ने र जनताले नै सम्पन्न गर्न सहयोग गर्नेमा आशावादी हुन अनुरोध गरे।

स्थानीयको गुनासो सुनेपछि समिति सभापति थापाले स्थानीयको सहयोग रहेका बेला आयोजना बनाउन सरकारले दृढता देखाएन र चाहिने जति बजेट बिनियोजन गरेर काम अघि बढाएन भने सधैं एकै अवस्था रहन नसक्ने बताए। उनले स्थानीयलाई भने, 'आयोजना हाम्रो लगानीले नै बन्नेछ, तपाईंहरु ढुक्क हुनुहोस्।' मुआब्जा वितरण, पुनर्स्थापनाका विषयलाई भने योजनाबद्ध रुपमा अघि बढाउनुपर्ने उनले बताए। राष्ट्रिय गौरवको उक्त आयोजना निर्माण गर्दा बहुउद्देश्यीय रुपमा अघि बढाउन सके घाटा नहुने

उनले तर्क गरे। आयोजना कुन मोडालिटीबाट बनाउने भन्नेमा पनि आयोजनाले टुंगो लगाउनु आवश्यक रहेको तर्क उनको थियो। नेपालभित्रै प्रहरी, सेना, टेलिकम जस्ता निकायमा लगानी गर्ने पैसा रहेकाले सरकारले आँट गरेमा आयोजना निर्माण गर्न पैसा अभाव नहुने उनले बताए। 'बैंकमा पैसा थुप्रिएको छ, लगानीको खोजी गर्नुपर्ने बेला आएको छ, हामीलाई योजना चाहिएको हो, पैसा जुटाउन गाहो छैन।'

अभियान/कारोबार, २०७२/२/४

# चिलिमे अगाडि बढ्यो, तामाकोशी उस्तै

गत वर्षको भूकम्प र नाकाबन्दीका कारण निर्माण कार्य रोकिएका आयोजनाको काम अगाडि बढेको छ ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनीले निर्माण गरिरहेको माथिल्लो साञ्जेन र साञ्जेनको काम तीव्ररूपमा अगाडि बढेको छ । यस्तै राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको माथिल्लो तामाकोशीको काम पनि अगाडि बढेको प्रवक्ता गणेशप्रसाद न्यौपानेले जानकारी दिए ।

लामाबगरको काब्रेभीरमा सुरुङ निर्माणको काम शुरू गर्ने तयारी गरिएको छ भने बाँध निर्माण कार्य अघि बढेको छ । उक्त स्थानमा करीब ४ सय मिटर सडकखण्ड भूकम्पका कारण क्षति भएको थियो । नयाँ ट्र्याक खोलेर बाटो बनाउनुभन्दा सुरुङ नै उत्तम हुने निष्कर्षका साथ रू. ११ करोड थप लगानी गरेर काम शुरू गर्न लागिएको प्रवक्ता न्यौपानेको भनाइ छ ।

पूर्वनिर्धारित कार्यतालिकाअनुसार आगामी साउनबाट विद्युत्् उत्पादन गर्ने लक्ष्य राखिएको आयोजना भूकम्पका कारण करीब डेढ वर्ष पर धकेलिएको छ । यस्तै आयोजनाको गोगरदेखि किर्नेसम्मको २ सय २० केभी प्रसारण लाइनको काम अगाडि बढेको छ भने सडक मर्मत तथा बाँध, विद्युत् गृहको काम पनि शुरू भएको छ ।

रसुवामा आयोजनास्थल रहेको साञ्जेन, माथिल्लो साञ्जेनको काम पनि अगाडि बढेको साञ्जेन जलविद्युत् कम्पनीका आयोजना प्रमुख गिरिराज अधिकारी बताउँछन् । सहज रूपमा इन्धन पाउन थालेपछि निर्माण कार्य अघि बढाइएको हो । भूकम्प र नाकाबन्दीका कारण समस्यामा फसेको माथिल्लो साञ्जेनको सुरुङ वर्षाअगावै सम्पन्न गर्ने लक्ष्य छ ।

कुल २ हजार १ सय मिटरमध्ये हालसम्म १ हजार १ सय ३० मिटर सुरुङ निर्माण भइसकेको छ । 'डेढ महीनाभित्रै सुरुङ सम्पन्न गर्ने गरी काम शुरू गरेका छौं,' आयोजना प्रमुख अधिकारीले भने । माथिल्लो साञ्जेनको क्षमता १८ दशमलव ८ मेगावाट र साञ्जेनको ४२ दशमलव ५ मेगावाट रहेको छ ।

दुवै आयोजनाको लागत रू. ७ अर्ब २४ करोड रहेको छ । साञ्जेन खोलाको पानीमा रसुवाको तिलुचे बगरमा बाँध बाँधी १ हजार ४ सय मिटर लामो सुरुङ तथा ४ सय ८० मिटर लामो पेनस्टक पाइपबाट १८ दशमलव ८ मेगावाट विद्युत्् निकाल्ने योजना रहेको छ ।

सोही विद्युत् गृहबाट निस्केको पानी र सिम्बु खोलाको पानी मिसाई ३ हजार ६ सय मिटर लामो सुरुङ तथा १ हजार १ सय २० मिटर पेनस्टक पाइपको सहायताले ४२ दशमलव ५ मेगावाट विद्युत् साञ्जेनको नाममा निकालिनेछ । हाल आयोजनाको काम करीब ५० प्रतिशत सम्पन्न भएको छ । कुल ५ हजार २ सय मिटर लामो सुरुङमध्ये हालसम्म ७ सय ६० मिटर मात्रै सम्पन्न भएको छ ।

यस्तै चिलिमे जलविद्युत्् कम्पनीले निर्माण गरिरहेको रसुवागढीको कामलाई गति दिने तयारी गरिएको छ । १ सय ११ मेगावाट क्षमताको सो आयोजना रसुवाको थुमन र टिमुरे गाविसमा पर्छ । नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमामा निर्माण गरिएको सो आयोजनाको सबै संरचना भूमिगत रहेको छ ।

रसुवागढी छेउको तिब्बततर्फबाट प्रवाह हुने भोटेकोशी नदीमा बाँध बाँधी ४ हजार २ सय मिटर लामो हेडेरस सुरुङ एवम् ३ सय १३ मिटर लामो पेनस्टक पाइपको सहायताले तातोपानी भीरभित्र विद्युत्् उत्पादन गरिनेछ । भूकम्पअघि सो आयोजनाको करीब ३ हजार मिटर सुरुङ निर्माण गरिएको थियो । रासस

कान्तिपुर, २०७२/२/४

# ४३ मेगावाट क्षमतामा १४ मेगावाट मात्रै

*विप्लव भट्टराई*

४३ मेगावाट क्षमताका विद्युत् आयोजना सञ्चालनमा रहे पनि १४ मेगावाट मात्र विद्युत् उत्पादन भइरहेको छ । लामो समयको खडेरीका कारण खोलामा पानी घट्दा अधिकांश आयोजनाको उत्पादन घटेको हो । यहाँका माई र पुवाखोलामा रहेका विद्युत् गृहले दुई साताअघि अझ कम विद्युत् उत्पादन गरेका थिए । केही दिनदेखि हल्का वर्षा सुरु भएकाले उत्पादनमा सुधार आएको हो ।

चिसापानी र दानाबारीमा रहेको २२ मेगावाटको सानिमा र उसैको ८ मेगावाटको क्यासकेट आयोजनाबाट ८ मेगावाट मात्र उत्पादन भइरहेको छ । गोदकस्थित काबेली करिडोरको सबस्टेसनमा सानिमाका दुवै विद्युत् गृहको विद्युत् केन्द्रीय प्रसारणलाइनमा जोडिएको छ ।

खोलामा पानीको बहाव बढ्न थालेकाले आयोजनाले अब निरन्तर उत्पादन बढ्ने जनाएको छ । चैत वैशाखको अत्यन्तै सुख्खा याममा १ हजार किलोवाट मात्र उत्पादन गरेको ६ दशमलव २ मेगावाटको पुवाखोलाको उत्पादन ३ मेगावाट पुगेको काबेली करिडोरका दीपक राईले बताए । पुवाखोलाको पानी प्रयोग गरेर निर्माण भएको जिल्लाको एक मात्र सरकारी स्वामित्वको आयोजना सुख्खा याममा बढी नै प्रभावित हुने गरेको छ ।

माईखोलाको पानीलाई प्रयोग गरेर गोदकमा सञ्चालित ४ दशमलव ५ मेगावाटको साना माईखोला विद्युत् आयोजनाको उत्पादन १ हजार ६ सय किलोवाट छ । छोटो हेड भएको यस आयोजनाले सुख्खा याममा ४/५ किलोवाट मात्र विद्युत् उत्पादन गर्न सकेको तिल्केनीस्थित सबस्टेसनले जनाएको छ । हिमाल दोलखा हाइड्रो प्रालिले यो आयोजना सञ्चालन गरेको हो ।

पुवामझुवामा सञ्चालित जोशी हाइड्रोपावरको अप्परपुवाले १ हजार ७ सय किलोवाट विद्युत् उत्पादन गर्दै आएको छ । ३ मेगावाट क्षमताको यो आयोजनाका विद्युत् पाँचथरतर्फ जाने गरेको छ ।

मावु र माइमझुवामा सञ्चालित ९ दशमलव ९८ मेगावाट क्षमताको अप्परमाई हाइड्रो व्यावसायिक उत्पादनको अन्तिम तयारीमा छ । आन्तरिक परीक्षणमा रहेको यो आयोजनाको विद्युत् पनि गोदकस्थित काबेलीको सबस्टेसनमा जोडिने छ । अप्परमाईको ६ मेगावाटको क्यासकेट आयोजना निर्माणाधीन छ । जोशी हाइड्रोपावरको राजदुवालीमा ८ मेघावाटको अर्को आयोजनाको कामलाई निरन्तरता दिएको छ ।

नाम्सालिङ, नयाँबजार र सूर्योदय नगरपालिकाको बीचमा पर्ने जोगमाई खोलामा निर्माणाधीन ७ दशमलव ६ मेगावट क्षमताको जोगमाई खोला साना जलविद्युत् आयोजनाको काम ७० प्रतिशत सकिएको छ । बरबोटे र शान्तिडाँडा बीचको पुवाखोलामा निर्माणाधीन ४ मेगावाटको पुवाखोला वान जलविद्युत् आयोजनाको काम ३५ प्रतिशत सकिएको निर्माण पक्षले जनाएको छ । दुई वर्ष भित्रमा जिल्लामा ७८ मेगावाट विद्युत् उत्पादन हुने छ ।

कान्तिपुर, २०७२/२/४

# वर्षेनी २ अर्ब विनियोजन गरेर बुढीगण्डकी आयोजना बन्दैन : गगन

*हरिहरसिंह राठौर*

जग्गा रोक्का तर मुआब्जा खै ?

भुमाफियालाई निरुत्साहित गर्न माग

बजेट खर्बौं को विनियोजन २ अर्ब मात्रै ?

प्रस्तावित बहुउदेश्यीय बुढीगण्डकी जलविद्युत आयोजना निर्माण गर्न वर्षेनी २/३ अर्ब बजेट बिनियोजन गरेर मात्रै नपुग्ने व्यवस्थापिका संसदको कृषि तथा जलश्रोत समितिका सभापति गगन थापाले बताएका छन् ।

आयोजना डुबान क्षेत्रका ३ हजार घरधुरीलाई पुनस्र्थापना र ५ हजार घरधुरीलाई मुआब्जा दिन मात्रै करिब ४३ अर्ब रकम अनुमान गरेको अवस्थामा थोरै रकम विनियोजनले आयोजनाको निर्माणको आशंका हुने उनले बताएका हुन् ।

व्यवस्थापीका संसदको कृषि तथा जलश्रोत समितीका २५ जना सदस्य सभासदहरुसहितको टोलीले सोमबार गोरखाको आरुघाट बजारमा स्थानीय बासिन्दाहरुसाग अन्तरक्रिया पनि गरेको थियो । ‘विदेशी सहयोगको मुख नताकेर देशवासीले नै यो आयोजना निर्माण गर्ने विभिन्न विकल्प र योजनाहरु रहेका छन्,’ कार्यक्रममा बोल्दै समितिका सभापति थापाले भने, ‘आयोजना निर्माण गर्न देशका सबै राजनीतिक दलहरु र  प्रभावित क्षेत्रका स्थानीयवासीहरुको एकै मत भएकोले यो आयोजनालाई नेपाली जनताको आर्थिकस्थिती उकास्ने देशकै गौरवपूर्ण आयोजनाका रुपमा अघि बढाउन सबै शक्ति प्रयोग गरिने छ ।’

संसदीय समितिका सदस्यहरुसाग स्थानीयवासीहरुले जग्गा किनबेच पनि रोकिएको र २ महिनासम्म मुआब्जा पनि नदिएपछि डुबानक्षेत्रका बासिन्दाहरु थप अन्यौलमा रहेको बताएका थिए । स्थानीय सरोकार समितिका अध्यक्ष दिनेश ढकालले समितिका सभापतिसाग ९ बुादे मागपत्र पेश गरे । ‘आरुघाट लगायतका व्यापारिक केन्द्रका मुल्य अलग्गै निर्धारण गरिनुपर्ने, सुकुम्वासी र नापी नभए पनि चर्चेको जग्गाको पनि मुआब्जा पाउनुपर्ने, आयोजनाको मोडल निर्धारण हुनुपर्ने, मुआब्जा अगावै पुर्नस्थापना क्षेत्रको निक्र्यौल हुनुपर्ने,’ जस्ता मागहरु मागपत्रमा उल्लेख छन् ।

आयोजनाले डुबान क्षेत्रका जग्गा अधिग्रहण गर्दा नियमानुसार जग्गाप्राप्ती ऐन २०३४ लाई आधारमानेर मुआब्जा वितरण गरिने बताई रहादा उक्त ऐनले स्थानीयवासीहरु मर्कामा पर्ने भएकोले चलनचल्तीको मुल्य नै लागु हुनुपर्ने उनीहरुले बताएका हुन् ।

मुआब्जा विवादले जिल्ला स्तरमा मुआब्जा निधारण समितिको गठन भएपनि ग्रामिणस्तरमा समिति गठन हुन सकेको छैन । ‘डुबान क्षेत्रमा पर्ने गोरखा र धादिङको मुल्यमा एकरुपता हुनुपर्ने सबैको एकमत छ । तर मालपोत कार्यालयमा रहेको जग्गाको मुल्य र स्थानीयवासीहरुको मुल्यमा तालमेल मिलेको छैन

। गर्नै पर्ने भए नियमानुसार नै हुन्छ,' मुआब्जा निर्धारण समितिका अध्यक्ष समेत रहेका प्रजिअ विश्वप्रकाश सुवेदीले बताए । मालपोत कार्यालयमा उल्लेखित  नियमानुसार अवल, दोयम, सिम र चाहरकै मुल्य अनुसार मुल्य निर्धारण हुने उनले बताए । थप केही भए सरकारले नै निर्णय गर्नुपर्ने भएकोले जिल्लाबाट केहि गर्न नसकिने उनले तर्क गरे ।

आयोजनाले नापी विभाग, गोरखा र धादिङ जिल्लाका मालपोत कार्यालयहरुलाई परिचालन गरि आर्थिक र भौतिक विस्थापन हुने  परिवार र जनसंख्या, जम्मा डुवान हुने क्षेत्रफल, गोरखा र धादिङको निजी क्षेत्रफलको विवरण लिई सकेको छ ।
आयोजनाले गोरखा तर्फ ३१ हजार ९ सय रोपनी र धादिङ तर्फको ३५ हजार २ सय ७ रोपनी निजी जमिन अधिग्रहण गर्नेछ । पूर्णरुपले विस्थापित हुनेमा ३५ सय ६० घरधुरीका १९ हजार ५ सय ८० रहेको ठहर समेत आयोजनाले गरेको छ । जग्गा मात्रै अधिग्रहणमा पर्ने र विस्थापित हुननपर्ने घरधुरीहरुमा ४५ सय ६० घरधुरीका २५ हजार ६३ रहेको आयोजनाको छ । यो क्षेत्रफल प्रारम्भिक चरणमा परामर्शदाता कम्पनीले तोकेकोभन्दा एक तिहाई बढी हो ।

आयोजना विकास समितिले चालु आर्थिक वर्षमै ५० प्रतिशत मुआब्जा वितरण गरिसक्ने लक्ष्य लिएको थियो । सरकारले मुआब्जा वितरणका लागि दुई अर्ब ९० करोड बजेट समेत बिनियोजन गरेको थियो । तर उक्त कार्यका लागी हालसम्म एक रुपैंयाा समेत खर्च भएको छैन् । 'यसै रकमबाट मुआब्जा वितरण सुरु गर्छौं । नपुग रकम सरकारसाग माग गर्छौंर्,' आयोजनाका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले भने ।

जग्गा अधिग्रहण सक्ने, मुआब्जा वितरणको नितिगत टुंगो लगाउने, टेण्डर आव्हान गर्ने र निर्माण समेत यसै आर्थिक वर्षमा आरम्भ गर्ने लक्ष्य आयोजनाको थियो । सन २०२२ भित्र उत्पादन थाल्ने भनिएको आयोजनाको काम भने अझै पनि अघि बढेको छैन् ।
सरकारले घोषणा गरेको उर्जा संकट निवारणकालमा जलासययुक्त आयोजनाहरु कम्पनी मोडलमा विकास गरिने उल्लेख गरिएको छ । तर त्यसको संरचनागत विकासका प्रक्रिया भने अझै अघि बढेको छैन् ।

अभियान, २०७२/२/४

# त्रिशुली 'थ्री ए', कुलेखानी तेस्रो र चमेलियाको काम अड्कियो

गत वर्षको भूकम्पका कारण नराम्ररी समस्यामा फसेको माथिल्लो त्रिशुली 'थ्री ए' जलविद्युत् आयोजनालाई कसरी अगाडि बढाउने भन्नेमा आवश्यक निर्णय हुन नसक्दा काम रोकिएको छ । रोकिएकै अवस्थामा छन् कुलेखानी तेस्रो र चमेलिया पनि ।

कुल ६० मेगावाट क्षमताको त्रिशुली 'थ्री ए'सम्म पुग्ने बाटो नेपाली सेनाले निर्माण गरे पनि थप काम कसरी अगाडि बढाउने भन्ने विषयमा प्राधिकरणले अहिलेसम्म कुनै निर्णय गर्न सकेको छैन । इन्धन अभाव र नाकाबन्दीका कारण समस्यामा फसेको सो आयोजनाका लागि प्राधिकरण सञ्चालक समितिले निर्णय गर्नुपर्ने अवस्था आएको छ । तर प्राधिकरणको पछिल्लो पटक बसेको सञ्चालक समितिको बैठकमा भूकम्प र नाकाबन्दीबाट समस्यामा परेका आयोजनालाई कसरी अगाडि बढाउने भन्ने विषयमा ठोस निर्णय भएनन् ।

माथिल्लो त्रिशुली थ्री ए पुग्ने बाटामध्ये ५ किलोमिटर सडक भूकम्पका कारण नामोनिसान समेत नरहेपछि सरकारले नेपाली सेनालाई बनाउन आग्रह गरेको थियो । सरकारको पछिल्लो निर्णयअनुसार तत्काल काम शुरु गर्न सकिए आगामी दुई वर्षभित्र सम्पन्न गर्न सकिने बताइएको छ ।

सरकारले गल्छी–रसुवागढी सडक निर्माणको जिम्मा नेपाली सेना र सडक विभागलाई दिएको थियो । चिनियाँ ठेकेदार काम गर्न तयार भए पनि सडकको अभावमा बाँधस्थलसम्म पुग्न समस्या थियो । भूकम्प र नाकाबन्दीका कारण निर्माणस्थलमा पुग्न नै समस्या भएपछि थप कुन उपायका आधारमा अगाडि बढाउने भन्ने विषयमा निर्णय हुन सकेको छैन ।

आयोजना प्रमुख फणिन्द्रराज जोशीकाअनुसार सञ्चालक समितिले केही विषयमा निर्णय गर्नुपर्ने अवस्था सिर्जना भएका कारण आयोजना अगाडि बढ्न सकेको छैन । साथै क्षति मूल्याङ्कन पनि गर्नुपर्ने अवस्था देखिएको छ । सरकारले गत फागुन ६ गते जारी गरेको ऊर्जा सङ्कटकाल निवारण कार्ययोजनामा भूकम्पबाट क्षति भएका आयोजनालाई शीघ्र अगाडि बढाउने उल्लेख गरेको भए पनि हालसम्म काम शुरु नगर्दा आयोजनाको लागत र समय समेत बढेको छ । कुल ६० मेगावाट क्षमताको सो आयोजना चालु आवको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । चीनको आयातनिर्यात बैङ्कको लगानीमा निर्माण भएको सो आयोजनाको लागत रू. ८ अर्ब रहेको छ । इन्जिनियरिङ, प्रोक्रुरमेण्ट र कन्स्ट्रक्सन ढाँचा निर्माण भइरहेको सो आयोजनाको ६५ प्रतिशत भन्दा बढी निर्माण सम्पन्न भएको थियो । चिनियाँ ठेकेदार गेजुवाले निर्माण गरिरहेको सो आयोजनाको पुनर्निर्माण थाल्न प्रस्ट निर्णयको जरुरी रहेको बताइन्छ ।

सो आयोजना निर्माण सम्पन्न हुन नसक्दा त्रिशूली थ्री बीको काम पनि अगाडि बढ्न सकेको छैन । यस्तै प्राधिकरणले अगाडि बढाएका कुलेखानी तेस्रो र चमेलियाको काममा समेत उल्लेख्य प्रगति हुनसकेको छैन । सरकारले सबै आयोजनालाई तत्काल अगाडि बढाउने भने पनि निर्माणस्थलमा काम शुरु हुन सकेको छैन । कुलेखानी तेस्रोको इलेक्ट्रो मेकानिकलको काम अगाडि बढ्न सकेको छैन भने चमेलियाको खुम्चिएको सुरुङको काम रोकिएको हो । चिनियाँ ठेकेदारले सुरुङ खुम्चिएको विषयमा प्रस्ट निर्णय नगर्दासम्म काम शुरु नगर्ने अडान राख्दै आएको बताइन्छ । प्रसारण लाइनको काम सम्पन्न भइसकेको भए पनि खुम्चिएको सुरुङ अगाडि बढाउने विषयमा न त प्राधिकरणले निर्णय गरेको छ न त आयोजनाले कुनै विकल्प नै दिएको छ । *रासस*

कारोबार, २०७२/२/४

# त्रिशूली 'थ्री ए' समस्यामा, सञ्चालक समितिमा निर्णय अल्झियो

गोरखा भूकम्पका कारण नराम्ररी समस्यामा फसेको माथिल्लो त्रिशूली 'थ्री ए' जलविद्युत् आयोजनालाई पुनः कसरी अगाडि बढाउने भन्नेमा आवश्यक निर्णय हुन नसक्दा थप जटिलता पैदा भएको छ ।

कुल ६० मेगावाट क्षमताको सो आयोजनाको पहुँचमार्ग नेपाली सेनाले निर्माण गरे पनि थप काम कसरी अगाडि बढाउने भन्ने विषयमा प्राधिकरणले अहिलेसम्म कुनै निर्णय गर्न सकेको छैन ।

इन्धन अभाव र नाकाबन्दीका कारण समस्यामा फसेको सो आयोजनाका लागि प्राधिकरण सञ्चालक समितिले निर्णय गर्नुपर्ने अवस्था आएको छ । तर प्राधिकरणको पछिल्लो पटक बसेको सञ्चालक समितिको बैठकमा भूकम्प र नाकाबन्दीबाट समस्यामा परेका आयोजनालाई कसरी अगाडि बढाउने भन्ने विषयमा ठोस निर्णय भएनन् ।

माथिल्लो त्रिशूली थ्री एको पहुँचमार्गमध्ये पाँच किलोमिटर सडक भूकम्पका कारण नामोनिसान समेत नरहेपछि सरकारले नेपाली सेनालाई आग्रह गरेको थियो । सरकारको पछिल्लो निर्णयअनुसार तत्काल काम सुरु गर्न सकिए आगामी दुई वर्षभित्र सम्पन्न गर्न सकिने बताइएको छ ।

सरकारले गल्छी–रसुवागढी सडक निर्माणको जिम्मा नेपाली सेना र सडक विभागलाई दिएको थियो । चिनियाँ ठेकेदार काम गर्न तयार भए पनि सडकको अभावमा बाँधस्थलसम्म पुग्न समस्या थियो ।

भूकम्प र नाकाबन्दीका कारण निर्माणस्थलमा पुग्न नै समस्या भएपछि थप कुन उपायका आधारमा अगाडि बढाउने भन्ने विषयमा निर्णय हुन सकेको छैन ।

आयोजना प्रमुख फणिन्द्रराज जोशीकाअनुसार सञ्चालक समितिले केही विषयमा निर्णय गर्नुपर्ने अवस्था सिर्जना भएका कारण आयोजना अगाडि बढ्नसकेको छैन । यस्तै क्षति मूल्याङ्कन पनि गर्नुपर्ने अवस्था देखिएको छ ।

व्यवस्थापिका–संसद् कृषि तथा जलस्रोत समितिले दिएको निर्देशन अनुरुप पहुँचमार्ग निर्माण भए पनि थप काम अगाडि बढ्न नसक्दा जटिलता पैदा भएको आयोजनाले जनाएको छ ।

सरकारले गत फागुन ६ गते जारी गरेको ऊर्जा सङ्कटकाल निवारण कार्ययोजनामा भूकम्पबाट क्षति भएका आयोजनालाई शीघ्र अगाडि बढाउने उल्लेख गरेको भए पनि हालसम्म काम सुरु नसक्दा आयोजनाको लागत र समय समेत बढेको छ ।

कुल ६० मेगावाट क्षमताको सो आयोजना चालु आवको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । चीनको आयातनिर्यात बैंकको लगानीमा निर्माण भएको सो आयोजनाको लागत रु आठ अर्ब रहेको छ ।

भूकम्प र नाकाबन्दीका कारण समय र लागत बढेपनि पछिल्लो पटक प्राधिकरणले निर्णय नगर्दा थप जटिलता पैदा भएको छ । इन्जिनियरिङ, प्रोक्रुरमेन्ट र कन्ट्रक्सन ढाँचामा निर्माण भइरहेको सो आयोजना ६५ प्रतिशत भन्दा बढी निर्माण सम्पन्न भएको थियो ।

चिनियाँ ठेकेदार गेजुवाले निर्माण गरिरहेको सो आयोजनाको पुनःनिर्माण थाल्न प्रस्ट निर्णयको जरुरी रहेको बताइन्छ । नुवाकोट र रसुवाको सीमा नजिक निर्माण भइरहेको आयोजनालाई तत्काल अगाडि बढाएर ऊर्जा सङ्कट समाधानमा जोड दिनुपर्ने आवाज उठेको त छ तर निर्णय हुन सकेको छैन ।

आयोजनामा काम सुरु हुननसक्दा निर्माण उपकरण लगायतका सामग्री पनि अलपत्र अवस्थामा रहेको छ । सो आयोजना निर्माण सम्पन्न हुन नसक्दा त्रिशूली थ्री बीको काम पनि अगाडि बढ्न सकेको छैन ।

यस्तै प्राधिकरणले अगाडि बढाएका कुलेखानी तेस्रो र चमेलियाको काममा समेत उल्लेख्य प्रगति हुनसकेको छैन । सरकारले सबै आयोजनालाई तत्काल अगाडि बढाउने भने पनि निर्माणस्थलमा काम सुरु हुन सकेको छैन । कुलेखानी तेस्रोको इलेक्ट्रो मेकानिकलको काम अगाडि बढ्न सकेको छैन भने चमेलियाको खुम्चिएको सुरुङको काम रोकिएको हो । चिनियाँ ठेकेदारले सुरुङ खुम्चिएको विषयमा प्रस्ट निर्णय नगर्दासम्म काम सुरु नगर्ने अडान राख्दै आएको बताइन्छ । प्रसारण लाइनको काम सम्पन्न भइसकेको भए पनि खुम्चिएको सुरुङ अगाडि बढाउने विषयमा न त प्राधिकरणले निर्णय गरेको छ न त आयोजनाले कुनै विकल्प नै दिएको छ । रासस

कान्तिपुर, २०७२/२/४

# ४३ मेगावाट क्षमतामा १४ मेगावाट मात्रै

***विप्लव भट्टराई***

४३ मेगावाट क्षमताका विद्युत् आयोजना सञ्चालनमा रहे पनि १४ मेगावाट मात्र विद्युत् उत्पादन भइरहेको छ । लामो समयको खडेरीका कारण खोलामा पानी घट्दा अधिकांश आयोजनाको उत्पादन घटेको हो । यहाँका माई र पुवाखोलामा रहेका विद्युत् गृहले दुई साताअघि अझ कम विद्युत् उत्पादन गरेका थिए । केही दिनदेखि हल्का वर्षा सुरु भएकाले उत्पादनमा सुधार आएको हो ।

चिसापानी र दानाबारीमा रहेको २२ मेगावाटको सानिमा र उसैको ८ मेगावाटको क्यासकेट आयोजनाबाट ८ मेगावाट मात्र उत्पादन भइरहेको छ । गोदकस्थित काबेली करिडोरको सबस्टेसनमा सानिमाका दुवै विद्युत् गृहको विद्युत् केन्द्रीय प्रसारणलाइनमा जोडिएको छ ।

खोलामा पानीको बहाव बढ्न थालेकाले आयोजनाले अब निरन्तर उत्पादन बढ्ने जनाएको छ । चैत वैशाखको अत्यन्तै सुख्खा याममा १ हजार किलोवाट मात्र उत्पादन गरेको ६ दशमलव २ मेगावाटको पुवाखोलाको उत्पादन ३ मेगावाट पुगेको काबेली करिडोरका दीपक राईले बताए । पुवाखोलाको पानी प्रयोग गरेर निर्माण भएको जिल्लाको एक मात्र सरकारी स्वामित्वको आयोजना सुख्खा याममा बढी नै प्रभावित हुने गरेको छ ।

माईखोलाको पानीलाई प्रयोग गरेर गोदकमा सञ्चालित ४ दशमलव ५ मेगावाटको साना माईखोला विद्युत् आयोजनाको उत्पादन १ हजार ६ सय किलोवाट छ । छोटो हेड भएको यस आयोजनाले सुख्खा याममा ४/५ किलोवाट मात्र विद्युत् उत्पादन गर्न सकेको तिल्केनीस्थित सबस्टेसनले जनाएको छ । हिमाल दोलखा हाइड्रो प्रालिले यो आयोजना सञ्चालन गरेको हो ।

पुवामझुवामा सञ्चालित जोशी हाइड्रोपावरको अप्परपुवाले १ हजार ७ सय किलोवाट विद्युत् उत्पादन गर्दै आएको छ । ३ मेगावाट क्षमताको यो आयोजनाका विद्युत् पाँचथरतर्फ जाने गरेको छ ।

मावु र माइमझुवामा सञ्चालित ९ दशमलव ९८ मेगावाट क्षमताको अप्परमाई हाइड्रो व्यावसायिक उत्पादनको अन्तिम तयारीमा छ । आन्तरिक परीक्षणमा रहेको यो आयोजनाको विद्युत् पनि गोदकस्थित काबेलीको सबस्टेसनमा जोडिने छ । अप्परमाईको ६ मेगावाटको क्यासकेट आयोजना निर्माणाधीन छ । जोशी हाइड्रोपावरको राजदुवालीमा ८ मेघावाटको अर्को आयोजनाको कामलाई निरन्तरता दिएको छ ।

नाम्सालिङ, नयाँबजार र सूर्योदय नगरपालिकाको बीचमा पर्ने जोगमाई खोलामा निर्माणाधीन ७ दशमलव ६ मेगावट क्षमताको जोगमाई खोला साना जलविद्युत् आयोजनाको काम ७० प्रतिशत सकिएको छ । बरबोटे र शान्तिडाँडा बीचको पुवाखोलामा निर्माणाधीन ४ मेगावाटको पुवाखोला वान जलविद्युत् आयोजनाको काम ३५ प्रतिशत सकिएको निर्माण पक्षले जनाएको छ । दुई वर्ष भित्रमा जिल्लामा ७८ मेगावाट विद्युत् उत्पादन हुने छ ।

कान्तिपुर, २०७२/२/५

# चमेलियाको अवरुद्ध काम अझै सुरु भएन

*मनोज बडु*

संसद्को सार्वजनिक लेखा समितिले तत्कालै निर्माण प्रक्रिया सुरु गर्न निर्देशन दिएको ५ महिना बितिसक्दा पनि चमेलिया जलविद्युत् आयोजनाको काम सुरु भएको छैन ।

गत पुस १२ मा समितिले आयोजनाको काम तत्कालै अगाडि बढाउन ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको थियो । काम कहिलेबाट सुरु हुन्छ भन्नेबारे आयोजना प्रमुख राजेन्द्र मानन्धरले केही जानकारी दिन नसक्ने बताए ।

उनले विद्युत् प्राधिकरण सञ्चालक समितिको बोर्ड बैठकबाट काम सञ्चालनको निर्णय हुनुपर्ने बताए । 'बोर्डलाई जानकारी गराएका छौं,' उनले भने, 'बोर्डको निर्णयपछि काम सुरु हुने हो । तर, बोर्डबाट कुनै आदेश आएको छैन ।' विद्युत् प्राधिकरण बोर्डले यस विषयमा चासो राखेको नदेखिएको आयोजनाका प्राविधिकहरू बताउँछन् ।

खुम्चिएको सुरुङमध्ये ६ सय ११ मिटर निर्माण भइसकेको छ । बाँकी २ सय ३२ मिटर सुरुङ तत्काल मर्मतसम्भार गर्न लेखा समितिले प्राधिकरणलाई निर्देशन दिएको थियो । प्रसारण लाइन निर्माण सम्पन्न भइसकेको र विद्युत् गृहलगायत अन्य काम अन्तिम चरणमा पुगे पनि आयोजनाको सुरुङको मुख्य काम नै अगाडि नबढ्दा समस्या भएको हो ।

निर्माण कम्पनीले सम्झौताअनुसार विद्युत् प्राधिकरणले समयमा भुक्तानी नगरेको भन्दै ०७१ जेठदेखि अनिश्चित कालका लागि सुरुङको निर्माण कार्य रोकेको थियो । लेखा समितिले ०७१ असार ६ मा नयाँ काम (भेरिएसन) मा भ्रष्टाचार भएको भन्दै भुक्तानीमा रोक लगाएको हो ।

भुक्तानी नपाएसम्म सिभिल निर्माणको ठेक्का पाएको चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप अफ पावर कम्पनी (सीजीजीसी) ले काम सुचारु गर्न ढिलाइ गरेको हो । सरकारले पनि समयमा उक्त भुक्तानी नदिएका कारण काम हुन नसकेको आयोजनाका अधिकारीहरू बताउँछन् ।

नेपाल समाचारपत्र, २०७२/२/६

# जग्गा कब्जा नगरेको माण्डु हाइड्रोपावर दाबी

बाग्मती साना जलविद्युत् आयोजनाको प्रवद्र्धक कम्पनी माण्डु हाइड्रोपावर कम्पनी लिमिटेडले आयोजना निर्माणस्थलमा जबरजस्ती कसैको जग्गा कब्जा नगरेको जनाएको छ।

कम्पनीले मकवानपुरको इपापञ्चकन्या गाविसमा निर्माण हुन लागेको २० मेगावाट क्षमताको सो आयोजनाले जिल्ला मुअब्जा निर्धारण समितिले तय गरेबमोजिम प्रतिरोपनी ३ लाख रुपियाँका दरले मुअब्जा प्रदान गर्न शुरू गरेको जनाएको छ। कम्पनीका फाइनान्सियल अफिसर सबल प्रधानका अनुसार २०७२/२/२९ मा बसेको मुअब्जा निर्धारण समितिको बैठकले निर्णय गरेबमोजिम कम्पनीले आयोजनास्थलमा पर्ने जग्गाका जग्गाधनीलाई २०७२/३/५ गते सार्वजनिक सूचना प्रकाशित गरी मुअब्जा बुझ्न आउन आ≈वान गरेको थियो।

जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ बमोजिम कम्पनीले सबै प्रक्रिया पूरा गरी सूचना प्रकाशित गरेपछि आयोजना निर्माण हुने स्थानका जग्गाधनी जगतबहादुर घिसिङ र प्रेमबहादुर बस्नेतलगायतले मुअब्जा बुझिसकेको प्रधानले जानकारी दिनुभयो। कम्पनीले मुअब्जा बुझ्न आउन आ≈वान गरेपछि केही जग्गाधनीले मुअब्जा लिएर जानु भएको छ। तर, आयोजना निर्माणस्थलमा जग्गा पर्ने जग्गाका जग्गाधनीहरू मध्येका एकले विष्णुप्रसाद प्रजापतिले मात्रै मअब्जा लिन नआएको प्रधानको भनाइ छ।

उहाँले मुअब्जाप्रति चित्त नबुझाएपछि सर्वोच्च अदातलमा मुद्दा दायर गर्नुभएको छ। तर, कम्पनीले कसैलाई धम्काएर जबरजस्ती जग्गा कब्जा नगरेको प्रधानको दाबी छ। उहाँले मुअब्जा निर्धारण समितिको निर्णय अनुसार जग्गाको मुअब्जा लिन जतिखेर पनि कम्पनीमा आउन सक्ने बताउनुभयो। कूल ३ अर्ब ६० करोड रुपियाँको लागतमा निर्माण हुने उक्त आयोजना सन् २०१७ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम तीव्र रूपमा अगाडि बढेको प्रधानले जानकारी दिनुभयो। कूल लागतको ३० प्रतिशत प्रवद्र्धकहरूको स्वपुँजी र बाँकी ७० प्रतिशत दुई वटा बैंकले ऋण लगानीकर्ता गरेका छन्। आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) भइसकेको उल्लेख गर्दै आयोजनाले विद्युत् उत्पादनको लाइसेन्स पनि प्राप्त गरिसकेको प्रधानले जानकारी दिनुभयो।

अभियान, २०७२/२/६

# तल्लो हेवाखोला जलविद्युतको काम स्थानीयले रोके

*खविन लुइटेल*

स्थानीयसँग भएको सम्झौता कार्यान्वयन नभएको भन्दै पाँचथरको फिदिम ४ स्थित तल्लो हेवाखोला जलविद्युत परियोजनाको काम स्थानीयवासीले रोकेका छन् । समिति गठन गरि विहीबार विहानदेखि स्थानीय सरोकारवाला समितिले काम ठप्प पारेका हुन् ।

माउण्टेन हाइड्रो पावर नेपाल प्रा.लि.ले पटक पटक भएको सहमति कार्यान्वयन नगरेको भन्दै सरोकार समितिले परियोजनाको काम नै विहीबारबाट ठप्प पारेको हो । समितिका सदस्य सचिव नरोत्तम थापाले यस अघि देखिको माग सम्बोधन गर्न कम्पनी तयार नभएपछि बाध्य भएर काम नै अवरुद्ध गर्नु परेको बताए । कम्पनी र समितिबीच २०७१ फागुन १४ गते भएको १० बुँदे सहमति कार्यान्वयन नभएपछि काम रोक्नु परेको स्थानीयको दावी छ । सम्झौतामा पीउने पानीको ब्यवस्था गर्ने लगायतका बिषय रहे पनि हाल कम्पनीले त्यसलाई आनाकानी गरेकोले आन्दोलित हुनु परेको उनीहरुको तर्क छ ।

कम्पनीले सुरुङ निर्माण गर्न थालेपछि प्रभावित क्षेत्रमा पानीको मुहान पनि सुक्दै गएकाले पानीको अभाव भएको स्थानीयवासीहरुले बताएका छन् । आफनो मागको यथाशक्य सम्वोधन गर्नुपर्ने र नगरे जलविद्युत परियोजनाको काम अनिश्चतकालिन समयसम्म ठप्प पार्ने उनीहरुले चेतावनी दिएका छन् ।

२०७३ असार मसान्तसम्ममा बत्ति बाल्ने लक्ष्य राखिएको आयोजना करीव चार अर्ब रुपैयाँको लगानीमा सञ्चालन भइरहेको छ । आयोजनाबाट २१ दशमलव ६ मेगावाट क्षमताको जलविद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । आयोजनामा 'लिडिङ बैङ्क'को भूमिका प्राइम बैङ्कले निर्वाह गर्ने र कुल लगानीको ७५ प्रतिशत बैङ्क तथा बाँकी २५ प्रतिशत कम्पनी मार्फत गरिने निर्माणको जिम्मा पाएको कम्पनीका अध्यक्ष सिताराम तिमल्सिनाले बताए । जिल्लाको नागीन गाविसको वडा नं. १ र फिदिम गाविसको वडा नं. ४ मा अवस्थित हेवा खोला र फेमे खोलाको पानीलाई मिसाएर आयोजना सञ्चालन भैरहेको छ ।

कारोबार, २०७२/२/६

## स्थानीयद्वारा जलविद्युत् परियोजनाको काम ठप्प

विगतमा भएको सम्झौता कार्यान्वयन नभएको भन्दै पाँचथरको फिदिम–४ स्थित तल्लो हेवाँखोला जलविद्युत् परियोजनाको काम आज बिहानदेखि स्थानीय सरोकारवाला समितिले ठप्प पारेको छ ।

माउण्टेन हाइड्रो पावर नेपाल प्रालिले पटक पटक भएको सहमति कार्यान्वयन नगरेको भन्दै सरोकार समितिले परियोजनाको काम नै ठप्प पारेको हो ।

समितिका सदस्य सचिव नरोत्तम थापाले यसअघिको माग सम्बोधन गर्न कम्पनी तयार नभएपछि बाध्य भएर काम नै अवरुद्ध गर्नु परेको बताउनुभयो ।

उहाँले कम्पनी र समितिबीच २०७१ फागुन १४ गते भएको १० बुँदे सहमतिअनुसार काम नभएको, पिउने पानीका लागि प्रभावित क्षेत्रका स्थानीयवासीसँग कम्पनीले सम्झौता गर्न आनाकानी गरेपछि आन्दोलित हुनुपरेको बताउनुभयो ।

कम्पनीले सुरुङ निर्माण गर्न थालेपछि प्रभावित क्षेत्रमा पानीको मुहान पनि सुक्दै गएको पानीको अभाव भएको स्थानीयवासीले बताएका छन् । आफ्नो मागको यथाशक्य सम्बोधन गर्नुपर्ने, नगरे जलविद्युत् परियोजनाको काम अनिश्चितकालीन समयसम्म ठप्प पार्ने स्थानीयवासीले चेतावनी दिएका छन् । रासस

कान्तिपुर, २०७२/२/७

# बूढीगण्डकीमा कुदृष्टि !

*प्रकाश गौडेल/भवसागर घिमिरे*

वैशाख दोस्रो साता भारतका अधिकांश हिस्सामा तापक्रम ४० डिग्री सेल्सियस नाघेपछि करिब ३३ करोड मानिस खडेरीको मारमा परेको खबर विश्वभर फैलियो । अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीका अनुसार पूर्वी राज्य उडिसामा विद्यालयहरू बन्द गरिएका थिए ।

चर्को खडेरीकै कारण हाल भइरहेको इन्डियन क्रिकेट प्रिमियर लिगका फाइनलसमेत गरी १३ खेल महाराष्ट्रबाट अन्तै सार्न मुम्बई उच्च न्यायालयले फैसला गर्‍यो । उत्तर प्रदेशको काकोरी जिल्लाको एक गाउँभरिका ट्युबवेलहरू सुक्दा बालीनाली विनाश भएको भारतीय सञ्चार माध्यमले प्रसारण गरे ।

उता प्रचण्ड गर्मीको तातो तावामा भारत पाकिरहेको थियो । यता गोरखाको आरुघाट बजारलाई पनि सँगै बगेको बूढीगण्डकीको चिसो पानीले चिस्याउनसकेको थिएन । यही नदीमा प्रस्तावित जलविद्युत आयोजनाको बहसले वायुमण्डलीय तापक्रमलाई मात खुवाउँदै थियो ।

आरुघाटले सायदै बुझेको थियो, पुरै गाउँ उठाएर बनाउन लागिएको यो आयोजनाबाट आफूलाई चिस्याउन भारत पर्खिरहेको छ । बूढीगण्डकीको बिजुली कथाभित्र लुकेको पानी राजनीति के छ त ? हामी यसैको चर्चा गर्दैछौं ।

बूढीगण्डकीबाट अथाह जलविद्युत निकाल्न सकिन्छ भन्ने पहिचान सन् १९७० को दशकको गण्डकी बेसिन मास्टर प्लानमा भएको थियो । त्यस लगत्तै जलस्रोत मन्त्रालयको नेतृत्वमा सन् १९८४ भएको प्रारम्भिक सम्भाव्यता अध्ययनले ६ सय मेगावाट विद्युत निकाल्न सकिने तर्क अघि सार्‍यो ।

अध्ययनका अनुसार बाँधको उचाइ सवा दुई सय मिटर थियो भने झन्डै पौने तीन अर्ब घनमिटर पानी भण्डारण गर्न सकिन्थ्यो । यो जलाशययुक्त आयोजनाले लगभग ५० वर्ग किलोमिटर क्षेत्र डुबानमा पार्ने मन्त्रालयकै अध्ययनमा थियो ।

प्रारम्भिक अध्ययनको झन्डै तीन दशकपछि, सन् २०१२ मा आयोजनाको विस्तृत अध्ययन र डिजाइन तयार पार्ने जिम्मा फ्रान्सेली कम्पनी ट्राकबेल इन्जिनियरिङले पायो । उसले गत नोभेम्बर महिनामा बुझाएको प्रतिवेदनमा १२ सय मेगावाटको प्लान्ट निर्माण गर्न उपयुक्त हुने ठहर गरेको छ ।

पहिलाको अनुमानभन्दा दोब्बर क्षमताको आयोजना निर्माण गर्दा बाँधको उचाइ ३८ अंकले बढेर २ सय ६३ मिटर हुने तथा डुबान क्षेत्र १३.२ अंकले बढेर ६३ वर्ग किलोमिटर हुने ट्राकबेलकै प्रतिवेदनको ठहर छ । यसले २० हजारभन्दा बढी जनसंख्या रहेको ३५ सय हाराहारी घरधुरी डुबानमा पार्नेछ ।

यस आयोजनाको क्षमता दोब्बर गर्दा उपयुक्त हुने ठहरले एकाएक नेपाली जलविद्युत बजारमा ठूलै कम्पन ल्यायो । आयोजना आसपासका डुबान क्षेत्रमा पर्ने जग्गाको भाउ पनि एक्कासी चुलियो ।

अन्तत: गत चैत १९ बाट जग्गा किनबेच रोकिएको छ भने नेपाल सरकारले जग्गा अधिकरणका लागि लगभग साढे तीन ३ अर्ब रकम यही आर्थिक वर्षमा छुट्याएको छ ।

देशको चरम ऊर्जा संकटमा यस्ता जलाशययुक्त आयोजनाको काम अगाडि बढ्नु उत्साहजनक खबर हो । वर्षाको पानी सञ्चय गरी सुख्खा याममा समेत निरन्तर बिजुली निकाल्न सक्नु नै जलाशययुक्त आयोजनाको सबल पक्ष मानिन्छ । आजको प्रमुख आवश्यकता पनि यही हो ।

बिजुलीका अतिरिक्त यस्ता आयोजनाले तल्लो तटीय क्षेत्रमा आउने बाढी—पहिरोलाई नियन्त्रण गर्न सघाउँछ । हिउँदका बेला तल्लो तटीय क्षेत्रमा थप उपलब्ध भएको पानी सिंचाइ, खानेपानी, जलयात्रा लगायतका क्षेत्रमा प्रयोगमा ल्याउन सकिन्छ । यी फाइदाले देशको सिमाना छिचोलेर छिमेकी राष्ट्रलाई पनि राहत दिन्छन् । यसको अन्तर्राष्ट्रिय हिसाब गर्ने चलन स्थापित भैसकेको छ । तसर्थ हामीले लिने कुनै निर्णयले तल्लो तटीय राष्ट्र भारतमा पर्ने असरबारे पनि केलाउनैपर्छ । बूढीगण्डकीसँग त भारतको पनि बुढ्यौली सम्बन्ध छ ।

२०४८ सालको मंसिर तेस्रो साता नेपालका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका बेला दुई देशबीच जलस्रोतका सम्बन्धमा महत्त्वपूर्ण समझदारी भएको थियो । उक्त १० बुँदे समझदारी सोही साल पुस ८ गतेको राजपत्रको खण्ड ४१ संख्या ३६ मा अंग्रेजी भाषामै प्रकाशित छ । यसको १० औं बुँदामा रहेको टनकपुर ब्यारेजसम्बन्धी समझदारीले नेपाली राजनीतिमा ठूलै बहस र विवाद ल्याएको थियो । तर ५ औं बुँदामा रहेको बूढीगण्डकी आयोजनालाई भने यो बहसले ओझेलमा पार्‍यो, जसको नेपाली भाव अनुवाद यस्तो थियो–

'बूढीगण्डकी आयोजना : नेपाल सरकारले पुरा गरेको प्रारम्भिक सम्भाव्यता अध्ययनअनुरुप काम गर्न नेपाल—भारत संयुक्त विज्ञटोलीले स्थलगत सर्वेक्षण गरी एउटा सम्झौतामा पुगिनेछ । यस्ता किसिमका स्थलगत सर्वेक्षणहरू १९९२ को जून महिनासम्ममा पुरा गरिनेछ । आयोजना लगानीका प्रारूपहरू संयुक्त रूपमा टुंगो लगाइनेछ । यस आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) यथाशीघ्र सकिनेछ, ताकि यसको निर्माण १९९४ मा सुरु गर्न सकिनेछ ।'

भारत ६ महिनाभित्रै स्थलगत सर्वेक्षण सकी २ वर्षभित्रै आयोजना निर्माणको काम सुरु गर्ने तरखरमा थियो । जलस्रोतविद सन्तबहादुर पुनले एक लेखमा बूढीगण्डकी आयोजना बनाउन भारत निकै आतुर रहेको तर्क गरेका छन् । सन् २०१५ मा प्रकाशित हाइड्रो नेपाल नामक जर्नलमा उनको लेख प्रकाशित छ ।

तल्लो तटीय क्षेत्रलाई फाइदा पुग्ने भएकाले नै भारतले पनि यसको निर्माणमा योगदान गर्नुपर्ने यो बुँदाको आशय थियो । यसलाई भारतले मनन गरेको समझदारीमा प्रस्टै देखिन्थ्यो ।

समझदारीको बुँदा नम्बर ५ मा रहेको बूढीगण्डकीको झैं बुँदा नम्बर २ र ४ मा क्रमश: पञ्चेश्वर र सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाबारे उल्लेख छ । यी आयोजनामा पनि नेपाल–भारतले संयुक्त रूपमा कार्य अगाडि बढाउने खुलाइएको छ । पञ्चेश्वर र सप्तकोशी अझै पनि भारतको प्राथमिकतामा छन् ।

समझदारी अनुसार यी आयोजनाका काम अघि बढे पनि बूढीगण्डकी भने भारतको एजेन्डाबाट चट्ट सरेर नेपालको पोल्टामा किन पर्‍यो ? वा भनौं किन पारियो ? प्रश्न उठाउनु जरुरी छ ।

यसको उत्तर खोज्ने क्रममा ट्राकबेलको अध्ययन प्रतिवेदनलाई नियाल्नु उपयुक्त हुन्छ । 'बूढीगण्डकी आयोजनाले तल्लो तटीय क्षेत्रमा सकारात्मक असर पार्छ' भन्नेमात्र उल्लेख गरेर यो प्रतिवेदनले आयोजनाका विस्तृत फाइदाहरूलाई बेवास्ता गरेको जलस्रोतविद पुनको तर्क छ ।

सकारात्मक असर भनेको के हो त ? यसले क–कसलाई कति फाइदा पुर्‍याउँछ ? यस्ता तथ्यहरू १ सय ८१ पृष्ठ लामो ट्राकबेलको प्रतिवेदनले किन खुलाउनु जरुरी ठानेन वा खुलाउन लगाइएन ? यो अर्को गम्भीर प्रश्न हो । साँच्चिकै सकारात्मक असरको मूल्य के छ त ? यसबारे लेखाजोखा गरौं ।

बूढीगण्डकी आयोजना बनाउँदा यसको सोझै असर नेपाल–भारत सिमानाको गण्डक ब्यारेजमा पर्छ, जहाँबाट भारतको उत्तर प्रदेश र विहारमा साविकको करिब साढे १८ लाख हेक्टर जमिनमा पानीको सुनिश्चितता हुनेछ । यसका साथै लाखौं हेक्टरमा थप सिंचाइ पुग्नेछ ।

भारत यो आयोजना १९९० को दशकमै निर्माण गर्न किन आतुर थियो भन्ने यसबाट पनि प्रस्ट देखिन्छ । 'तल्लो तटीय क्षेत्रमा सकारात्मक असर'लाई अझै गहिरिएर नियाल्ने हो भने बूढीगण्डकीको पानीले सित्तैमा कसरी भारतीय भूमिको जवानी फेर्दैछ भन्ने छर्लङ्ग हुन्छ ।

१२ सय मेगावाटको यो आयोजना तयार भइसकेपछि हिउँदको समयमा २ अर्बभन्दा बढी घनमिटर पानी तल्लो तटीय क्षेत्रको गण्डक ब्यारेजमा थपिनेछ । यो आँकडा डिसेम्बरदेखि मे महिनासम्मको जोडेर निकालिएको हो, जुनबेला भारत चरम खडेरीले तिर्खाइरहेको हुन्छ ।

६ सय मेगावाट मात्र हुन्थ्यो भने माथिल्लो आँकडाभन्दा करिब ४८ करोड घनमिटर कम पानी गण्डक ब्यारेजमा फालहाल्थ्यो । यो आँकडा ट्राकबेलकै अध्ययन प्रतिवेदन केलाउँदा निस्कने नतिजा हो ।

यस परिप्रेक्ष्यमा प्रश्न उठ्न सक्छ कि 'नेपाली लगानीमा बाँधको उचाइ बढाएर सित्तैमा भारत झर्ने पानीको मात्रा बढाउनु के नेपालकै रोजाइ हो त ?' सुक्खा याममा उपलब्ध गराउने पानीको आर्थिक हिसाब त अझै चर्को हुन्छ ।

आयोजनाले गण्डक ब्यारेजमा थपिदिने पानीको आर्थिक मूल्याङ्कन गर्न अन्तर्राष्ट्रिय अभ्यासतर्फ नजर घुमाऔं । सन् १९६४ मा क्यानाडा र संयुक्त राज्य अमेरिकाबीच कोलम्बिया नदी सम्झौता भएको थियो । सो बखत माथिल्लो तटीय राष्ट्र क्यानाडाले आफ्नो क्षेत्रमा तीन ठूला जलाशययुक्त आयोजना निर्माण गर्ने दुईपक्षीय सम्झौता गरेको थियो ।

साथै उक्त आयोजनाबाट तल्लो तटीय राष्ट्र अमेरिकाबाट उसले बाढी नियन्त्रणमार्फत करिब साढे ६ करोड अमेरिकी डलर हात पारेको थियो । यसका अलावा थप पानीबाट उत्पादन हुने बिजुलीको मूल्याङ्कनबापत लगभग साढे २५ करोड अमेरिकन डलर रकम प्राप्त गरेको थियो ।

यो सन्दर्भमा अन्तर्राष्ट्रिय जलस्रोत कानुनका ज्ञाता सूर्यनाथ उपाध्याय लेख्छन्, 'यो सम्झौताको सबैभन्दा ठूलो योगदान भनेको अन्तर्राष्ट्रिय जलस्रोत कानुनको क्षेत्रमा 'तल्लो तटीय लाभको बाँडफाँडको सिद्धान्त'लाई स्थापित गर्नु हो । जलस्रोतको यस्ता मुद्दाहरूमा दुबै तटीय राष्ट्रहरूले संयुक्त सम्बोधन गर्ने हो भने यसले दुबैलाई फाइदा पुर्‍याउँछ ।'

सन् २०१४ मा प्रकाशित 'इन्टरनेसनल वाटरकोर्सेस ल एन्ड अ प्रस्पेक्टिभ अन नेपाल इन्डिया कोअपरेसन' नामक पुस्तकमा उनले यो उल्लेख गरेका हुन् । उनी अघि लेख्छन्, 'भारतले तल्लो तटीय लाभको बाँडफाँडमा नेपालसँग सहमति जनाउने हो भने यसले दुई देशको जलस्रोत सम्बन्ध सुधार्न ठूलो भूमिका खेल्न सक्छ ।'

यस्तै अर्को उदाहरण सन् १९८६ मा भएको 'लेसोथो हाइल्यान्ड वाटर प्रोजेक्ट' सन्धिलाई लिन सकिन्छ । यो सन्धि जलस्रोतमा धनी भूपरिवेष्टित सानो राष्ट्र लेसोथो र आर्थिक तथा जनसांख्यिक रूपमा ठूलो राष्ट्र दक्षिण अफ्रिकाबीच भएको थियो । सन्धि अनुरुप सन् १९९६ देखि २०११ सम्ममा करिब ८ अर्ब घनमिटर पानी लेसोथोले दक्षिण अफ्रिकालाई बेच्यो । उसले प्रतिदस लाख घनमिटरको सरदर ५३ हजार अमेरिकन डलर मूल्य पाएको थियो । यसैलाई सालाखाला आधार मानेरै जाने हो भने पनि बूढीगण्डकीबाट सुख्खायाममा गण्डकी ब्यारेजमा थपिने पानीको वार्षिक मूल्य करिब साढे ११ अर्ब नेपाली रुपैयाँ हुन आउँछ ।

एक वर्षमा यस आयोजनाबाट उत्पादन हुने करिब साढे ३ अर्ब युनिट बिजुली सरदर ६ रुपैयाँ प्रतियुनिटमा बिक्री गर्दा सालाखाला २१ अर्ब नेपाली रुपैयाँ हुन आउँछ ।

यसरी नेपालले वार्षिक रूपमा पानी बेचेर कमाउने आम्दानी आयोजनाले बिजुली बेचेर कमाउने आम्दानीको आधा हिस्साभन्दा बढी हुने देखिन्छ । दु:खद कुरा, हामी पानीको यति ठूलो हिसाब बिर्संदैछौं वा हामीलाई बिर्साइँदैछ ।

देशमा जलस्रोत नीतिको ठेक्का लिनेले यो तर्कको हेक्का किन राखेनन् ? वा हेक्का राखेर पनि जानाजान ठेक्का बिर्सेका त हैनन् ? हिसाब खोज्न ढिलो गर्नु हुँदैन ।